REGIONAL NEWS UNIT

BROADCAST: 18:40 hrs   Date: 18.01.2024

यो आकाशवाणी गान्तोक हो।

## PM-MANN KI BAAT

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि आकाशवाणीबाट 'मन की बात' कार्यक्रममा देश-विदेशका जनतासँग आफ्ना विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको एक सय अठारौँ श्रृङ्खला हुनेछ। कार्यक्रम आकाशवाणी र दूरदर्शनको सम्पूर्ण नेटवर्क, ए.आई.आर न्यूज वेबसाइट र न्यूजएयर मोबाइल एपमा प्रसारण हुनेछ। यो ए.आई.आर न्यूज, डीडी न्यूज, प्रधानमन्त्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयका युट्युब च्यानलहरूमा पनि प्रत्यक्ष प्रसारण गरिनेछ। आकाशवाणीले हिन्दी प्रसारण लगत्तै क्षेत्रीय भाषामा कार्यक्रम प्रसारण गर्नेछ।

## CM-Creative Hub

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले सूचना तथा जनसम्पर्क विभागको अभिनव पहल द क्रिएटिभ हब-लाई ग्रीनपार्क, जोरथाङमा जारी माघे सक्रान्ति मेलाको प्रमुख आकर्षण भएको भन्दै प्रशंसा गर्नुभएको छ। मुख्यमन्त्रीले यस हबले कसरी सिक्किमको जीवन्त संस्कृतिलाई स्थानीय कला, संगीत, व्यञ्जन, र साना व्यवसायहरूको उद्यमशीलताको भावनालाई सुन्दर ढङ्गले समेट्छ भनी बताउनुभयो। उहाँले स्वदेशी प्रतिभालाई समर्थन गर्नुपर्ने महत्त्वमा जोड दिँदै भन्नुभयो, "यो पहल हाम्रा स्थानीय उद्यमीहरूका लागि आफ्नो प्रतिभा प्रदर्शन गर्ने एक अद्भुत मञ्च हो।" त्यसै गरी, ग्रामीण विकास विभाग तथा सहकारिता विभागका मन्त्री श्री अरुणकुमार उप्रेतीले पनि आज 'द क्रिएटिभ हब'-का विभिन्न स्टलको भ्रमण गरी सहभागीहरूसँग अन्तरक्रिया गर्नुभयो। द क्रिएटिभ हब-ले आईपीआर विभागद्वारा फोटो प्रदर्शनी र वृत्तचित्रहरू मार्फत माघे संक्रान्ति मेलाको इतिहासलाई प्रकाश पार्ने निर्धारित क्षेत्रलगायत कला, फेसन, संगीत र व्यञ्जनहरूसँग सम्बन्धित गतिविधिहरू सञ्चालन गरिरहेको छ।

## ADC Namchi-Republic Day

_नाम्चीका अतिरिक्त जिल्लापाल सुश्री तिरसाङ तामाङका अध्यक्षतामा आज जिल्ला प्रशासनिक केन्द्र नाम्चीमा आगामी छयत्तरौँ गणतन्त्र दिवस 2025 का लागि समन्वय बैठक सम्पन्न भयो। उहाँले आगामी 76 औँ गणतन्त्र दिवस भव्यताका साथ सम्पन्न गर्नका लागि आवश्यक सम्पूर्ण व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिनुभयो अनि लाइन विभागको भूमिका र जिम्मेवारीबारे विस्तृत मार्गदर्शन प्रदान गर्दै, अधिकारीहरूबीच राम्रो समन्वयका आवश्यकतामा पनि जोड दिनुभयो। कार्यक्रम मापदण्डअनुसार कार्यक्रम स्थलको सरसफाईमा विशेष ध्यान दिन पनि निर्देशन दिइएको छ। उल्लेख्य, यो पर्व जिल्ला प्रशासनिक केन्द्र परिसरमा मनाइने तय भएको छ। कार्यक्रममा नेहरू युवा केन्द्र संगठनका स्वयंसेवक, विद्यालयका विद्यार्थी, विभिन्न विभागका अधिकारी र कर्मचारीहरूको सक्रिय सहभागिता रहनेछ।

## Coordination Meeting

जिल्ला स्तरीय नार्को समन्वय केन्द्र र नशामुक्त भारत अभियानको मासिक बैठक हिजो जिल्ला प्रशासनिक केन्द्र पाकिममा सम्पन्न भयो। बैठकको अध्यक्षता जिल्लापाल श्री रोहन आगवानेले गर्नुभयो। बैठकमा जिल्लापालले अघिल्लो सत्रका निर्देशनहरूमा भएको प्रगतिको समीक्षा गर्नुभयो र सम्बन्धित विभागहरूले आ-आफ्ना कार्यको प्रगतिबारे जानकारी दिए। त्यसपछि समितिका सदस्यहरूले लागुऔषध नियन्त्रणका उपायहरूबारे प्रतिवेदन प्रस्तुत गरे र लागुऔषध दुर्व्यसनलाई समाधान गर्नका चुनौतीहरू र त्यसले समुदायमा पार्ने प्रभावबारे अवगत गराए। साथै,

जिल्लापालले लागुऔषध दुर्व्यसन र ओसारपसार विरुद्धका लडाइँमा ध्यान केन्द्रित गर्दै, विद्यामान मुद्दाहरूबारे निर्देशन दिनुभयो अनि अन्तर-विभागीय समन्वयमा सुधार ल्याउन र लागुऔषध सम्बन्धी मुद्दाविरुद्धको कारबाहीलाई सुदृढ पार्न साझा प्रयास गर्न पनि आह्वान गर्नुभयो। बैठकले विशेष गरी युवावर्गमा लागुऔषध दुर्व्यसन रोक्न समुदायको सहभागिता र सचेतना अभियान सञ्चालन गर्नुपर्ने आवश्यकतामा जोड दिएको छ।

## Pakyong ADC-Friday Field/Farm Day

पाकिमका अतिरिक्त जिल्लापालले शुक्रबार फिल्ड-फार्म डे संस्करण 21 को उल्लेखनीय सफलता र खेतीका लागि बाँझो भूमिसम्बन्धी मिशन पुनरुत्थानबारे हिजो आफ्नो विचार साझा गर्नुभयो। जिल्लापालले सुरुमा सरकारी कर्मचारी, कृषि समुदाय र जग्गाधनीहरूमा चेतना अभिवृद्धि गर्ने उद्देश्यले गरिएको यो पहलले उल्लेखनीय नतिजा हासिल गरेको अनि पञ्चायत र ग्रामीण क्षेत्रका संस्थाका कर्मचारीहरूको सहयोगले कृषि, बागवानी र पशुपालनमा उल्लेखनीय सफलता हासिल गरेको जानकारी दिनुभयो। साथै, जिल्लापालले सरकारी कर्मचारीको सहभागिताले कृषिको महत्त्वबारे चेतना जगाउन र त्यसको प्रवर्धन गर्न मद्दत पुगेको अनि ग्रामीण क्षेत्रमा आधारित संस्थाहरूको संलग्नताले मिसनको सफलता सुनिश्चित गरेको पनि बताउनुभयो। अतिरिक्त जिल्लापालका  कार्यालयले यस मिसनलाई जारी राख्ने र विस्तार गर्ने, थप समुदायहरूलाई संलग्न गराउने र नवीन खेती गर्ने अभ्यासहरूलाई बढावा दिने योजना बनाएको छ।